बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

# प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) बमोजिम आर्थिक बर्ष २०८२/८३ को पहिलो चौमासिक सार्वजनिक सूचना/ विवरण




## बागमती प्रदेश सरकार
## आर्थिक मामिला तथा योजना मन्त्रालय
## प्रदेश लेखा नियन्त्रक कार्यालय
## हेटौंडा, मकवानपुर

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

<u>स्वतः प्रकाशन</u>

नेपालको संविधान,२०७२ को भाग ३ धारा २७ मा सूचनाको हक सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ। उक्त मौलिक हकको सुनिश्चितताको लागी बागमती प्रदेश सरकारले प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ समेत जारी गरेको छ। उक्त ऐनको दफा ५ को उपदफा (२) अन्तर्गत सार्वजनिक नियकायले आफ्नो निकायसँग सम्बन्धीत सूचनाहरु चौमासिक रुपमा अनिवार्य प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम २०८२ श्रावण १ देखि २०८२ कार्तिक मसान्तसम्म यस कार्यालयबाट सम्पादन भएका कार्यहरु प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५ को उपदफा (२) मा उल्लेख भएको विवरण लगायत विविध सूचना अद्यावधिक गरी प्रकाशन गरिएको छ।

प्रदेश लेखा नियन्त्रक

प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, मकवानपुर

# विषय सूची


१.कार्यालयको स्वरुप र प्रकृति........................................................................ १

२.प्रदेश लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र अधिकार............................................. १

३.कार्यालयमा रहेको कर्मचारी संख्या र कार्य विवरण........................................................ २

४.प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवा .................................................. ३

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी.................................................. ४

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि.................................................................. ५

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया ............................................................. ५

८. निर्णय गर्ने अधिकारी ................................................................................. ५

९. सम्पादन गरेको कामको विवरण.......................................................................... ६

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद................................................................... ६

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची................................................................ ७

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण........................................... ७

१२.१ प्रदेश लेखा नियन्त्रक कार्यालयको आम्दानी ......................................................... ७

१२.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च................................................................ ८


प्रदेश लेखा नियन्त्रक

## १.कार्यालयको स्वरुप र प्रकृति

प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ अनुसार प्रदेश सञ्चित कोष सञ्चालन र व्यवस्थापन गर्ने, प्रदेश सरकारका मन्त्रालय एवं प्रदेश कार्यालयहरुलाई रकम निकासा दिने व्यवस्था मिलाउने, आन्तरिक लेखा परिक्षण गर्ने, विनियोजन, राजश्व तथा धरौटीको एकिकृत विवरण तयार गरि आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षक समक्ष पेश गर्ने उद्देश्यले वि.स. २०७५ मा प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश को स्थापना भएको हो।

## २.प्रदेश लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र अधिकार

प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

(क) प्रदेश संञ्चितकोषको सञ्चालन गर्ने,

(ख) प्रदेश सरकारको एकीकृत लेखा राख्ने,

(ग) प्रदेश सञ्चित कोष सँग सम्बन्धित विनियोजन, राजश्व, धरौटी, विविध एवं स्थानिय तहलाई प्रदान गरिएको वित्तीय हस्तान्तरणहरुको स्रेस्ताको आन्तरिक लेखापरिक्षण गर्ने,

(घ) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने,

(ङ) आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयमा तथा महालेखा परीक्षक समक्ष लेखा र वित्तीय विवरण पेश गर्ने।


प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

## ३.कार्यालयमा रहेको कर्मचारी संख्या र कार्य विवरण

- संगठनात्मक संरचना

  प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृत दरबन्दी बमोजिम कर्मचारी संगठन संरचना निम्नानुसार रहेको छः




प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

## ४.प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवा

- प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने,
- बजेट कार्यान्वयनमा सहजीकरण गर्ने,
- प्रदेश सरकारका मन्त्रालय र सो अन्तर्गतका निकायहरुको आर्थिक प्रशासनको संचालन सम्वन्धमा निर्देशन दिने,
- प्रदेश सरकारको आय र व्ययको लेखा राख्ने, आन्तरिक लेखापरीक्षण एवं प्रदेशको एकिकृत आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने कार्य,
- प्रदेश लेखा इकाई कार्यालयहरु सँग समन्वय र सहकार्य गर्ने,
- प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यहरु समेत सम्पादन गर्ने।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | नाम | पद | शाखा | सम्पर्क नंबर |
|---|---|---|---|---|
| १ | हरि प्रसाद उपाध्याय | प्रदेश लेखा नियन्त्रक | - | ९८५५०३०८०७ |
| २ | सुष्मा पुडासैनी | लेखा अधिकृत सातौं | प्रशासन तथा आ.ले.प. शाखा | ९८५५०७६६९६ |
| ३ | प्रकाश खड्का | लेखा अधिकृत सातौं | सूचना प्रविधि तथा तथ्याङ्क प्रकाशन शाखा (सूचना प्रविधि तथा राजश्व प्रशासन) | ९८४८६८२३१९ |
| ४ | केशव सुवेदी | लेखा अधिकृत सातौं | कोष प्रशासन तथा बजेट कार्यान्वयन शाखा | ९८४८०३०५२० |
| ५ | होमराज ढुङ्गेल | अधिकृत स्तर छैठौं | कोष प्रशासन तथा बजेट कार्यान्वयन शाखा | ९८४५८२८३८५ |
| ६ | लेखनाथ अधिकारी | अधिकृत स्तर छैठौं | आर्थिक प्रशासन शाखा | ९८५५०१३५२९ |
| ७ | किसन कंडेल | लेखापाल | कोष प्रशासन तथा बजेट कार्यान्वयन शाखा(धरौटी तथा कार्यसञ्चालन कोष) | ९८६७३७३६८६ |
| ८ | गणेश कुमार मण्डल | लेखापाल | कोष प्रशासन तथा बजेट कार्यान्वयन शाखा | ९८२४७०१९६७ |
| ९ | सुरेश स्याडा | लेखापाल | सूचना प्रविधि तथा तथ्याङ्क प्रकाशन शाखा (जिन्सि प्रशासन) | ९८६३४५२२०६ |
| १० | प्रमेश हुमागाँई | कम्प्युटर अपरेटर | सूचना प्रविधि तथा तथ्याङ्क प्रकाशन शाखा | ९८६५२१२१८५ |
| ११ | युवराज ढुङ्गाना | ह.स.चा. | प्रशासन शाखा | ९८४५६२२२८८ |
| १२ | पार्वती न्यौपाने | कार्यालय सहयोगी | प्रशासन शाखा | ९८४५४६०२६७ |
| १३ | राधिका पुडासैनी | कार्यालय सहयोगी | प्रशासन शाखा | ९८६४५१२०८१ |
| १४ | नमराज अधिकारी | कार्यालय सहयोगी | प्रशासन शाखा | ९८६९२८७०९० |
| १५ | कृष्ण प्रसाद नेपाल | कार्यालय सहयोगी | प्रशासन शाखा | ९८४५१२७०१५ |

प्रदेश लेखा नियन्त्रक

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

कार्यालयबाट प्रदान गरिने अधिकांश सेवाहरू निःशुल्क छन् र सेवा समयावधि कार्य प्रकृतिअनूसार रहेको छ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

- ✓ सूचना मागकर्तालेे आफूले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी कार्यालयको सूचना अधिकारीलाई सम्बोधन गरी निवदेन दिनु पर्ने,
- ✓ निवेदकले माग गरिएको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ।
- ✓ सूचना अधिकारी समक्ष माग गरीएको सूचना आफूभन्दा माथिल्लो तहबाट निर्णय गराउनु पर्ने भएमा सोको जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराईनेछ।
- ✓ सूचना मागकतलि माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ।
- ✓ यसरी भ्रमण गरीसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ।
- ✓ प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराईनेछ।
- ✓ ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन।
- ✓ अन्य विषयको निर्णय, विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन छलफल आदिका आधारमा गरिनेछ।

## ८. निर्णय गर्ने अधिकारी

सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार सूचना अधिकारी वा प्रदेश लेखा नियन्त्रक वा कानूनले तोकेको अधिकारी।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

## ९. सम्पादन गरेको कामको विवरण

यस कार्यालयले आर्थिक वर्ष २०८२/८३ को श्रावणदेखी कार्त्तिक मसान्तसम्म गरेका कार्यहरु तपशिल बमोजिम रहेका छन्।

- ✓ संघीय सरकारबाट प्रदेश सरकारलाई वित्तिय हस्तान्तरणबाट प्राप्त खर्च नभएका बचत अनुदानहरु संघीय सञ्चित कोषमा फिर्ता दाखिला,
- ✓ आर्थिक वर्ष २०८१/८२ को बागमती प्रदेश सरकारको आय तथा व्ययको हिसाब भिडान गर्ने कार्य,
- ✓ प्रदेश अन्तर्गत मकवानपुर जिल्लास्थित रहेका मन्त्रालय/निकाय/कार्यालयहरुको र प्रदेश सरकारबाट अनुदान प्राप्त कार्यालयहरुको आन्तरिक लेखा परिक्षण तथा प्रतिवेदन तयार गरिएको,
- ✓ आर्थिक वर्ष २०८१/८२ को बागमती प्रदेश सरकारको आय तथा व्ययको विवरण सहितको प्रारम्भिक एकिकृत वित्तिय प्रतिवेदन तयारी,
- ✓ मन्त्रालय/निकाय/कार्यालयहरुमा रहेका जिन्सी मालसामानको विवरणको प्रतिवेदन,
- ✓ बागमती प्रदेश सरकार अन्तर्गत रहेका मन्त्रालय/निकाय/कार्यालयहरुको आ.व. २०८१/८२ को आन्तरिक लेखा परिक्षणबाट कायम भएको बेरुजु विवरणको प्रतिवेदन,
- ✓ आ.व. २०८२/८३ मा अन्तर्गत रहेका मन्त्रालय/निकाय/कार्यालयहरुमा विनियोजन भएको बजेटको कार्यक्रम कार्यन्वयन कार्ययोजना अनुसार सम्बन्धित मन्त्रालय/निकाय/कार्यालयहरुको भुक्तानी आदेशानुसार निकासा गर्ने कार्य,
- ✓ स्थानीय तहलाई प्रथम किस्ताको वित्तिय हस्तान्तरण प्रदान गर्ने कार्य।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

| क्र.सं. | कर्मचारीको नामथर | पद/तह |
|---|---|---|
| १. | श्री हरि प्रसाद उपाध्याय | प्रदेश लेखा नियन्त्रक |
| २. | श्री सुष्मा पुडासैनी | लेखा अधिकृत सातौं(सूचना अधिकारी) |

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

कार्यालयको कार्य सञ्चालनमा प्रयोग हुने ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरूको सूची तपशिल बमोजिम रहेका छन्।

- ✓ सार्वजनिक खरिद ऐन,२०६३
- ✓ सार्वजनिक खरिद नियमावली,२०६४
- ✓ प्रदेश सार्वजनिक खरिद नियमावली,२०८०
- ✓ प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४
- ✓ प्रदेश सार्वजनिक खर्चको मापदण्ड,२०७८
- ✓ बागमती प्रदेश सरकारको आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन,२०७८ लगायत अन्य ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरु।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यसमा बागमती प्रदेश सरकार अन्तर्गतका मन्त्रालय/निकाय/कार्यालयहरुको आ.व. २०८२/८३ श्रावण १ देखि २०८२ कार्तिक मसान्तसम्मको आम्दानी, खर्च तथा आर्थिक कारोबार समावेश गरिएको छ।

### १२.१ प्रदेश लेखा नियन्त्रक कार्यालयको आम्दानी (प्रदेश लेखा नियन्त्रक कार्यालयमा जम्मा भएको राजस्व)

| क्र.सं. | राजस्व शीर्षक | जम्मा |
|---|---|---|
| १ | ११४११-बाँडफाँडभई प्राप्त हुने मूल्य अभिबृद्धि कर | २,४९,५५,३५,२५९.७६ |
| २ | ११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | ८४,३६,२१,०२२.७५ |
| ३ | ११४५६-बाँडफाँड प्राप्त हुने सवारी साधन कर | १,२०,९२,६३,४३३.३१ |
| ४ | ११४७१-बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ६५,४१,४५१.२१ |
| ५ | ११४७२-बाँडफाँटबाट प्राप्त हुने विज्ञापनकर | ७,०६,४३४.२९ |
| ६ | १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ४,०८,७६,३२१.६३ |
| ७ | १३३११-समानीकरण अनुदान | २,०७,१३,५०,०००.०० |
| ८ | १३३१२-सशर्त अनुदान चालु | ७४,६७,६४,५१०.०० |
| ९ | १३३२१-सशर्त अनुदान पूँजीगत | ६४,५३,५६,८८०.०० |
| १० | १५१११-बेरूजू | १०,७४०.०० |
| ११ | १५११३-अनुदान फिर्ता | २,८१,३४,९३७.०० |
| | जम्मा | ८,०८,८१,६०,९८९.९५ |

प्रदेश लेखा नियन्त्रक

## १२.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च

| कार्यालय | अन्तिम बजेट | | | निकासा /खर्च | | | बाँकी |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुजीगत | जम्मा बजेट | चालु | पुजीगत | जम्मा खर्च | |
| ३०५०१३२०१३<br>प्रदेश लेखा नियन्त्रक कार्यालय | २,६७,७३,७००.०० | ९,३०,०००.०० | २,७७,०३,७००.०० | ५१,४७,१५३.९२ | ७१,१९०.०० | ५२,१८,३४३.९२ | २,२४,८५,३५६.०८ |

प्रदेश लेखा नियन्त्रक